# सिन्धुली जिल्ला अदालतबाट जारी भएको

# सूचना ! सूचना !! सूचना !!!

विश्वब्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्टको संक्रमण नेपालमा पनि तिब्र गतिमा बढिरहेको र त्यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले मिति २०७८।०१।०६ मा जारी गरेको जनस्वास्थ्य सम्वन्धी मापदण्ड सहितको आदेश तथा सम्मानीत सर्वोच्च अदालतबाट मिति २०७८।०१।१४ मा जारी प्रेस विज्ञप्तीलाई मार्गदर्शनको रुपमा लिई स्थानीय परिस्थिति एवं जोखिमको अवस्थालाई मध्यनजर गरी अर्को निर्णय नभए सम्म २०७८ बैशाख १९ गते देखी २०७८ बैशाख मसान्त सम्मका लागि सेवा प्रवाहमा संकुचन ल्याउने सम्वन्धमा यस अदालत र जिल्ला बार तथा सरकारी वकील कार्यालय समेतको संलग्नतामा मिति २०७८।०१।१७ गते बैठक बसी र जिल्ला प्रशासन कार्यालय सिन्धुलीवाट मिति २०७८/२/८ गते सम्म निषेधाज्ञा समेत लागू भएकोले यस सिन्धुली जिल्ला अदालत, जिल्ला बार ईकाइ र जिल्ला सरकारी वकील कार्यालय सिन्धुली बिच पुनः मिति २०७८/०१/३१ गते बैठक बसी देहाय बमोजिम गर्ने निर्णय भएको र हाल पुनः जिल्ला प्रशासन कार्यालय, सिन्धुलीवाटसमेत निषेधाज्ञा को अवधि थप भएकाले यस अघि यस अदालतको मिति २०७८।१।३१ गतेको निर्णय अनुसार कै सेवा प्रवाह हुने गरी मिति २०७८।२।९ गते देखी मिति २०७८।२।१८ गते सम्म लागू हुने गरी निम्न बमोजिमको सेवा प्रवाह हुने जानकारीको लागि सबैमा यो सूचना प्रकाशित गरिएको छ।

<u>देहायः-</u>

१. २०७८ साल जेठ ९ गते देखी २०७८ साल जेठ १८ सम्म यस अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदनको सुनुवाई गर्ने ।

२. मुद्दा फिर्ता र मिलापत्र बाहेक अन्य मुद्दा दर्ता र सुनुवाई नगर्ने ।

३. काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अविधि सम्मको मुद्दा, रिट तथा निषेधाज्ञाको हदम्याद, म्याद तथा तारेखहरु नगुज्रिने ।

४. अभियोग दर्ता, बयान, थुनछेक, पक्राउ अनुमति र समर्थन, म्याद थप, CDR अनुमतिका कार्य नियमित रुपमा गर्ने ।